# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल

(...........कर्मचारी प्रशासन........ शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- ९५९९

मिति :-२०८२।१२।३०

ने.सं. ११४६ चौलागाः ११

विषयः परिपत्र।

उच्च सरकारी वकील कार्यालय(सबै)।
विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ।
जिल्ला सरकारी वकील कार्यालय(सबै)।

उपर्युक्त सम्बन्धमा सर्वोच्च अदालत(आन्तरिक तथा जिल्ला प्रशासन शाखा) को च.न. २३६६ मिति २०८२/१२/२७ को परिपत्र कार्यान्वयनका सम्बन्धमा मातहतका सरकारी वकील कार्यालयहरुले सर्वोच्च अदालतबाट जारी भएको उक्त परिपत्र बमोजिम काम कारबाही गर्नुपर्ने देखिएको हुँदा उक्त परिपत्र बमोजिम सरकारी वकील कार्यालयहरुले समेत काम कारबाहीको व्यवस्थापन गर्नु भनी यस कार्यालयको मिति २०८२।१२।३० को निर्णयानुसार अनुरोध छ। साथै, सर्वोच्च अदालत(आन्तरिक तथा जिल्ला प्रशासन शाखा) को च.न. २३६६ मिति २०८२/१२/२७ को पत्र यसै साथ संलग्न छ।

(विश्वास तिमिल्सिना)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०८२।८३
प्राप्त पत्र संख्या र मिति :
च.नं. २३६६

सर्वोच्च अदालत काठमाडौं

मिति : २०८२।१२।२७
ने.सं. ११४६ चौलागाः ८, शुक्रबार

विषय : परिपत्र।

श्री उच्च अदालतहरू सबै।
श्री इजलास सबै।
श्री अस्थायी इजलास सबै।
श्री प्रशासकीय अदालत।
श्री न्यायाधिकरणहरू सबै।
श्री विशेष अदालत।
श्री श्रम अदालत।
श्री फैसला कार्यान्वयन निर्देशनालय।
श्री जिल्ला अदालत सबै।
श्री उपभोक्ता अदालत
श्री बाल अदालत।

उपर्युक्त सम्बन्धमा *"नेपालको संविधानको धारा २० को उपधारा (३) बमोजिम "पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन" भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा कार्यालय समय र विदाका सम्बन्धमा सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयानुसार मिति २०८२।१२।२३ को नेपाल राजपत्रमा प्रकाशित सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३ मा भएको संशोधन र मिति २०८२।१२।२२ गते नेपाल सरकारले विदाका सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशित गरेको सूचना बमोजिम हसामा शनिबार र आइतबार २ (दुई) दिन सार्वजनिक विदा हुने अवस्था सिर्जना भएको तथा अन्य अवस्थामा पनि २४ घण्टा भन्दा लामो अवधिको बिदा परेमा उपर्युक्त संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि तथा पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको स्वीकृति र हिरासतमा राख्ने अनुमतिको लागि पेश हुने मुद्दामा निकासाको प्रयोजनको लागि बिदाको समयमा अदालत व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७५ ले व्यवस्था गरेबमोजिमको आवश्यक प्रबन्ध गर्नु भनी मातहत अदालतहरूलाई परिपत्र गर्ने"* भनी यस अदालतको मिति २०८२।१२।२७ गते बसेको पूर्ण बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

२०८२।१२।२७

निराजन पाण्डे
उपरजिस्ट्रार

सादर अवगतार्थः
१. सम्माननीय प्रधान न्यायाधीशज्यूको निजी सचिवालय
२. मुख्य रजिस्ट्रारज्यूको सचिवालय
३. रजिस्ट्रारज्यूहरुको सचिवालय